नेपाल सरकार

गृह मन्त्रालय

## राष्ट्रिय परिचयपत्र तथा पञ्जीकरण विभाग

सिंहदरबार, काठमाडौं

### राष्ट्रिय परिचयपत्रको लागि विवरण दर्ता अपरेटर करारमा भर्नाका लागि दरखास्त आह्वानको सूचना

**(प्रथम पटक प्रकाशित मिति २०७७।०४।१४)**

सबै नेपाली नागरिकहरुलाई राष्ट्रिय परिचयपत्र उपलब्ध गराउने कार्यक्रम अन्तर्गत घुम्ती सेवा सञ्चालनमार्फत नागरिकका विवरणहरु सङ्कलन गर्ने कार्यका लागि तल उल्लेखित जिल्लाहरुमा कार्य गर्ने गरी विवरण दर्ता अपरेटर खुला प्रतिस्पर्धाद्वारा करारमा भर्ना गर्नुपर्ने भएकाले देहाय बमोजिमका योग्यता पुगेका ईच्छुक नेपाली नागरिकहरुबाट यो सूचना प्रथम पटक प्रकाशित भएको मितिले १५ दिनभित्र सम्बन्धित जिल्लाको जिल्ला प्रशासन कार्यालयमा दरखास्त फाराम भरी पेश गर्न दरखास्त आह्वान गरिएको छ । दरखास्त पेश गर्ने अन्तिम दिन सार्वजनिक विदा पर्न गएमा सो पछि कार्यालय खुलेको पहिलो दिनको कार्यालय समयमा दरखास्त बुझाउनु पर्नेछ ।

१. **जिल्लागत आवश्यक संख्याः**

| क. सं. | जिल्ला | आवश्यक संख्या | काम गर्नुपर्ने क्षेत्र | लिखित परीक्षा मिति |
|---|---|---|---|---|
| १. | सप्तरी | ५३ | सप्तरी र सिराहा जिल्ला | २०७७।०५।१० गते दिनको १:०० बजे |
| २. | सर्लाही | ६३ | सर्लाही र रौतहट जिल्ला | |
| ३. | कास्की | ६० | गण्डकी प्रदेश | |

२. **आवश्यक योग्यताः**

क) **उम्मेदवारको उमेर हदः** दरखास्त दिने अन्तिम मितिसम्म १८ वर्ष पूरा भई ३५ वर्ष ननाघेको नेपाली नागरिक

ख) **न्यूनतम शैक्षिक योग्यता तथा तालिमः** प्रवीणता प्रमाणपत्र तह वा १०+२ उत्तीर्ण गरेको तथा कम्तिमा ३ महिनाको कम्प्युटर सम्बन्धी तालिम प्राप्त गरेको वा प्रविणता प्रमाणपत्र तह वा सो सरह वा सो भन्दा माथिल्लो तहमा १०० पूर्णाङ्कको कम्प्युटर विषय राखी उत्तीर्ण गरेको भएमा (छुट्टै तालिमको प्रमाणपत्र आवश्यक नपर्ने)।

ग) सरकारी सेवाका लागि अयोग्य ठहरिने गरी कुनै कारवाहीमा नपरेको।

३. **तलबः** दैनिक रु. १२००।- को दरले पारिश्रमिक उपलब्ध गराइनेछ । सार्वजनिक विदाको दिनमा समेत काम गर्नुपर्नेछ ।

४. **आवेदन दस्तुर -** निःशुल्क

५. **दरखास्त दिने तरीकाः** "दरखास्त फाराम" तथा "पाठ्यक्रम र छनौट सम्बन्धी आधारहरु" विभागको वेबसाइट https://donidcr.gov.np वा सम्बन्धित जिल्लाको जिल्ला प्रशासन कार्यालयको वेबसाइटबाट डाउनलोड गर्न सकिनेछ।

६. **करार सम्झौता र अवधिः** पहिलो पटकको लागि कम्तिमा चार महिनाको करार सम्झौता सम्बन्धित जिल्ला प्रशासन कार्यालयबाट हुनेछ । तोकिए बमोजिमको कार्य सम्पादन हुन नसकेमा जुनसुकै समयमा करार रद्द गर्न सकिनेछ। काम सन्तोषजनक भएमा आवश्यकता अनुसार करार अवधी थप गर्न तथा अन्य जिल्लामा समेत खटाई कामकाज गराउन सकिनेछ । काम शुरु हुने मिति सम्बन्धित जिल्ला प्रशासन कार्यालयबाट तोकिनेछ ।

७. थप जानाकारीको लागि सम्बन्धित जिल्लाको जिल्ला प्रशासन कार्यालय वा ९८५१२३८२८३ (विभाग) मा सम्पर्क गर्न सकिनेछ।

८.दरखास्त फारामसाथ बुझाउनुपर्ने कागजातहरु

(१) नेपाली नागरिकताको प्रमाणपत्र,

(२) पासपोर्ट साइजको ३ प्रति फोटो (हालसालै खिचेको),

(३) न्यूनतम शैक्षिक योग्यताको लब्धांकपत्र (Transcript), चारित्रिक प्रमाणपत्र (Character Certificate) (विदेशी शैक्षिक संस्थाबाट उत्तीर्ण गर्नेको हकमा समकक्षताको प्रमाणपत्र अनिवार्य पेश गर्नुपर्ने)

(४) न्यूनतम शैक्षिक योग्यता भन्दा एक तह माथिल्लो शैक्षिक योग्यता भएमा सोको लब्धांकपत्र (Transcript),

(५) कम्प्युटर तालिमको प्रमाणपत्र (प्रविणता प्रामाणपत्र तह वा १०+२ वा सो सरह वा सो भन्दा माथिल्लो तहमा कम्प्युटर विषय लिई अध्ययन गर्नेको हकमा छुट्टै तालिम प्रमाणपत्र आवश्यक नपर्ने)

(६) कार्यानुभव भएमा सोको प्रमाणपत्र (नेपाल सरकारबाट मान्यता प्राप्त संगठित संस्थाबाट डाटा इन्ट्रि वा कम्प्युटर अपरेटर वा कम्प्युटर प्रशिक्षक वा कम्प्युटर सफटवेयर प्रयोग गरी काम गरेको प्रमाण खुलेको प्रमाणपत्र)

*नोटः उल्लेखित कागजातहरु उम्मेदवार स्वयम्ले प्रमाणित गरी बुझाउनु पर्नेछ ।*

शाखा अधिकृत